# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०५९/६० को वार्षिक तथ्याङ्कमा आधारित)*

आर्थिक वर्ष २०५९/६० मा अघिल्लो आर्थिक वर्षको तुलनामा विस्तृत मुद्रा प्रदायको वृद्धिदर बढेको छ भने संकुचित मुद्रा प्रदाय कम दरले बढेको छ । मुद्रा बजारमा ट्रेजरी बिलको ब्याँजदर घटेको छ । धितोपत्र बजारको कुल शेयर कारोवार संख्यामा वृद्धि भए तापनि रकमगत कारोवारमा भने ह्रास आएको छ । नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार सरकारको साधारण खर्च बढेको भए तापनि विकास खर्चमा तीब्र ह्रास आएको कारणले कुल सरकारी खर्चको वृद्धिदरमा कमी आएको र गैर-ऋण साधन परिचालनमा केही सुधार आएको हुँदा बजेट घाटा कम भएको छ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क विन्दुगत आधारमा ६.१ प्रतिशतले र बार्षिक औसतका आधारमा ४.८ प्रतिशतले वृद्धि भएको छ । निर्यातको तुलनामा आयात उच्च दरमा वृद्धि भएकोले व्यापार घाटा वृद्धि भएको छ । निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण चालू खाता  बचतमा रहेको छ । वित्तीय खाता ऋणात्मक रहेको भए तापनि चालू खातामा उच्च बचत रहेको हुँदा समीक्षा वर्षमा रु.४ अर्ब ३ करोडको शोधनान्तर बचत भएको छ । अघिल्लो वर्षको यसै अवधिमा रु.१ अर्ब २४ करोडको शोधनान्तर बचत भएको थियो । २०६० आषाढ मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब १० अर्ब ३९ करोड पुगेको छ जुन १०.६ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त  छ ।

बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा बढेको तथा खुद आन्तरिक सम्पत्तिको बृद्धिदर पनि अघिल्लो वर्षको तुलनामा उच्च रहेको कारण विस्तृत मुद्रा प्रदाय ८.१ प्रतिशतले बृद्धि भई २०६० आषाढ मसान्तमा रु.२ खर्ब ४२ अर्ब २० करोड पुगेको छ । आर्थिक वर्ष २०५८/५९ मा विस्तृत मुद्रा प्रदायको बृद्धिदर ४.४ प्रतिशत थियो । विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय आर्थिक वर्ष २०५८/५९ मा ९.३ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा ५.५ प्रतिशतले बृद्धि भई रु.८१ अर्ब ४२ करोड पुगेको छ । विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप आर्थिक वर्ष २०५८/५९ मा २.१ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ९.५ प्रतिशतले बढेर रु. १ खर्ब ६० अर्ब ७८ करोड पुगेको छ । बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) आर्थिक वर्ष २०५८/५९ मा ३.८ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०५९/६० मा ५.९ प्रतिशतले बढेर रु.९२ अर्ब ५ करोड पुगेको छ । बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०५८/५९ मा १०.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ९.० प्रतिशतले बृद्धि भई रु.२ खर्ब २६ अर्ब ६ करोड पुगेको छ । बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा आर्थिक वर्ष २०५८/५९ मा ५.२ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ११.८ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ४९ अर्ब  पुगेको छ । खुद अमौद्रिक दायित्व आर्थिक वर्ष २०५८/५९ मा १०.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ८.० प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०५८/५९ को तुलनामा निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको दरमा उल्लेख्य वृद्धि भएको कारण खुद आन्तरिक कर्जाको वृद्धिदर आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा ९.६ प्रतिशतले बढेको छ । मुद्रा बजारमा ट्रेजरी बिल्सको भारित औसत व्याजदर २०५९ आषाढ महिनाको ३.७८ प्रतिशतबाट २०६० आषाढ महिनामा २.९८ प्रतिशतमा झरेको छ ।

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०५९/६० मा कुल सरकारी खर्च ०.९ प्रतिशतको सीमान्तदरले वृद्धि भई रु. ७२ अर्ब २१ करोड पुगेको छ । आर्थिक वर्ष २०५८/५९ मा सरकारी खर्च ४.० प्रतिशतले बढेको थियो । कुल सरकारी खर्चमध्ये साधारण खर्च आर्थिक वर्ष २०५८/५९ मा १३.५ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा १२.५प्रतिशतले बृद्धि भई रु.५४ अर्ब ३० करोड पुगेको छ भने विकास खर्च आर्थिक वर्ष २०५८/५९ मा १३.८ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०५९/६० मा २४.१ प्रतिशतले घट्न गई रु.१६ अर्ब ५३ करोडमा सीमित रहेको छ । फ्रिज खर्च आर्थिक वर्ष २०५८/५९ मा ४७.९ प्रतिशतको उच्च दरले बृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा १२.५ प्रतिशतले ह्रास आई रु. १ अर्ब ३७ करोडमा सीमित रहेको छ । आर्थिक वर्ष २०५९/६० को पूर्वार्द्धमा शान्ति सुरक्षाको समस्याको कारणले विकास निर्माणका कार्यहरु संचालन गर्न कठिनाई भएको र वैदेशिक नगद ऋण आर्थिक वर्ष २०५८/५९ मा १७.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा ३.८ प्रतिशतले ह्रास भएकोले विकास खर्च निकै घट्न गएको हो ।

आर्थिक वर्ष २०५८/५९ मा ०.६ प्रतिशतले बृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) आर्थिक वर्ष २०५९/६० मा १३.६ प्रतिशतले बढेर रु.६० अर्ब ४९ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व आर्थिक वर्ष २०५८/५९ मा ३.२ प्रतिशतले मात्र बृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा ११.५ प्रतिशतले बढेर रु.५६ अर्ब २३ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा आयातमा वृद्धि भएको कारण राजस्व परिचालनमा पनि तदनुरुप सुधार भएको छ । बाह्य अनुदान आर्थिक वर्ष २०५८/५९ मा २७.४ प्रतिशतले ह्रास भएकोमा आर्थिक वर्ष २०५९/६० मा २०.५ प्रतिशतले बढ्न गई रु. २ अर्ब ५० करोड प्राप्त भएको छ । गैर-बजेटरी आय भने आर्थिक वर्ष २०५८/५९ मा रु. १ अर्ब ६२ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०५९/६० मा पनि रु. १ अर्ब ६२ करोड नै प्राप्त भएको छ ।

कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन बढी दरले बृद्धि भएकोले आर्थिक वर्ष २०५९/६० मा बजेट घाटा ३६.१ प्रतिशतले घट्न गई रु.११ अर्ब ७१ करोडमा सीमित रहेको छ । आर्थिक वर्ष २०५८/५९ मा बजेट घाटा १५.२ प्रतिशतले वृद्धि भएको थियो । उक्त बजेट घाटा पूर्ति गर्न आर्थिक वर्ष २०५९/६० मा ट्रेजरी विल्सबाट रु. १ अर्ब ७७ करोड, विकास ऋणपत्रबाट रु. ६ अर्ब ४१ करोड, राष्ट्रिय बचतपत्रबाट रु.४० करोड, नागरिक बचत पत्रबाट रु.३० करोड, तथा बाह्य ऋणबाट रु. ४ अर्ब ३० करोड गरी जम्मा रु. १३ अर्ब १८ करोड परिचालन गरिएको र त्यसमध्ये सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु.१४ करोड पूर्ति गरी बाँकी रु. १ अर्ब ३३ करोड सरकारी खातामा बचत रहेको छ । आर्थिक वर्ष २०५८/५९ को यसै अवधिमा श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट रु. ५ अर्ब ९० करोड अधिविकर्ष उपयोग गरेको थियो ।

वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धि दर आर्थिक वर्ष २०५८/५९ मा ३.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० मा ६.१ प्रतिशत रहेको छ । वार्षिक औसत मूल्य वृद्धि दर भने आर्थिक वर्ष २०५८/२०५९ मा २.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/२०६० मा ४.८ प्रतिशत पुगेको छ । विन्दुगत आधारमा आर्थिक वर्ष २०५८/५९ मा ४.५ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क आर्थिक वर्ष २०५९/६० मा ५.२ प्रतिशतले बृद्धि भएको छ । आर्थिक वर्ष २०५९/६० मा चिनी तथा चिनीजन्य पदार्थ, दलहन र

तरकारी तथा फलफूलको मूल्यमा कमी आएको भए तापनि तेल तथा घ्यू (२०.१ प्रतिशतले), खाद्यान्न (८.६ प्रतिशतले), रेष्टुराँको खाना (७.२ प्रतिशतले) तथा पेय पदार्थ, माछा मासु तथा फुल, दूध, मरमसला र दुग्धजन्य पदार्थको मूल्य बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्यमा उपरोक्त बृद्धि हुन गएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य भने आर्थिक वर्ष २०५८/५९ मा २.४ प्रतिशतले बृद्धि भएकोमा आर्थिक वर्ष २०५९/६० मा ६.९ प्रतिशतले बृद्धि भएको छ । यातायात र संचार उप-समूहको मूल्य १४.१ प्रतिशतले र घरायसी सामान तथा सेवाको मूल्य १०.३ प्रतिशतले शिक्षा क्षेत्रको मूल्य ९.१ प्रतिशतले बृद्धि भएको तथा अन्य वस्तुहरुको मूल्य पनि सामान्य बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा तराईमा ६.८ प्रतिशतले, पहाडमा ५.४ प्रतिशतले र काठमाडौं उपत्यकामा ५.२ प्रतिशतले मूल्य बृद्धि भएको छ । खाद्यान्न वालीमध्ये धानको उत्पादन ह्रास हुनु, पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गरिनु, खाद्यतेलजन्य वस्तुहरुको मूल्य अन्तर्राष्ट्रिय रुतरमै बृद्धि हुनु आदि कारणहरुले गर्दा आर्थिक वर्ष २०५९/६० मा समग्र मूल्य बृद्धिदर ६.१ प्रतिशत रहन गएको हो । आर्थिक वर्ष २०५८/५९ मा १.६ प्रतिशतले बृद्धि भएको थोक मूल्य सूचकाङ्क आर्थिक वर्ष २०५९/६० मा ६.१ प्रतिशतले बढेको छ । औसत थोक मूल्य सूचकाङ्क भने आर्थिक वर्ष २०५८/५९ मा ४.९ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ३.८ प्रतिशतले मात्र बढेको छ ।

बाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०५९/६० मा कुल निर्यात ४.९ प्रतिशतले बढ्न गई रु. ४९ अर्ब २५ करोड पुगेको छ । आर्थिक वर्ष २०५८/५९ मा निर्यात १५.६ प्रतिशतले घटेको थियो । भारततर्फको निर्यात आर्थिक वर्ष २०५९/६० मा ३.७ प्रतिशतले घटेर रु. २६ अर्ब ९१ करोडमा सीमित रहेको छ । यो निर्यात आर्थिक वर्ष २०५८/५९ मा ७.४ प्रतिशतले बढेको थियो । तेश्रो मुलुकतर्फको निर्यात आर्थिक वर्ष २०५९/६० मा १७.६ प्रतिशतले बृद्धि भई रु. २२ अर्ब ३३ करोड पुगेको छ । यस्तो निर्यात आर्थिक वर्ष २०५८/५९ मा ३५.९ प्रतिशतको उच्च दरले घटेको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये आर्थिक वर्ष २०५९/६० मा ऊनी गलैंचा, प्रशोधित छाला, र पश्मिनाको निर्यात क्रमशः १४.६ प्रतिशत, ५१.७ प्रतिशत र ७.४ प्रतिशतले घटेको भए तापनि तयारी पोशाकको निर्यात ५१.७ प्रतिशतले र गरगहनाको निर्यात २५.५ प्रतिशतले बृद्धि भएको हुँदा तेश्रो मुलुकतर्फको निर्यात बृद्धि भएको हो । नवीकृत नेपाल-भारत व्यापार सन्धिले गरेको केही वस्तुको परिमाणात्मक बन्देजको कारणले भारततर्फको निर्यात भने घट्न गएको छ ।

कुल आयात आर्थिक वर्ष २०५८/५९ मा ७.२ प्रतिशतले घटेकामा आर्थिक वर्ष २०५९/६० मा १६.९ प्रतिशतले बृद्धि भई रु. १ खर्ब २५ अर्ब ५४ करोड पुगेको छ । भारतबाट भएको आयात आर्थिक वर्ष २०५८/५९ मा २.४ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०५९/६० मा २७.२ प्रतिशतको उच्च दरले बृद्धि भएको छ । त्यस्तै, तेश्रो मुलुकबाट भएको आयात आर्थिक वर्ष २०५८/५९ मा १०.२ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०५९/६० मा ९.७ प्रतिशतले बृद्धि भएको छ । भारतबाट आयातीत वस्तुहरुमध्ये धागो, कपडा, चामल, कृषि उपकरण तथा पूर्जाहरु, विद्युतीय उपकरणहरु, पेट्रोलियम पदार्थ, एम.एस. वायर रड, एम.एस. बिलेट, टायर ट्यूब, औषधि, औद्योगिक रसायन, अन्य यन्त्र तथा पूर्जाहरु र कोल्ड तथा हट रोल्ड सिट्को आयात बढ्न गएको छ भने तेश्रो मुलुकबाट आयातीत वस्तुहरुमध्ये कच्चा ऊन, प्लाष्टिक दाना, कपास र दूरसंचारका उपकरण तथा पूर्जाहरुको आयात बढेको छ ।

आर्थिक वर्ष २०५८/५९ मा ०.७ प्रतिशतले बढेको कुल व्यापार घाटा आर्थिक वर्ष २०५९/६० मा निर्यातको तुलनामा आयात उल्लेख्य दरले बढ्न गएकोले २६.२ प्रतिशतको उच्च दरले बृद्धि भई रु.७६ अर्ब २९ करोड पुगेको छ। भारतसंगको ब्यापार घाटा आर्थिक वर्ष २०५८/५९ मा १५.७ प्रतिशतले घटेको विपरित आर्थिक वर्ष २०५९/६० मा ८०.७ प्रतिशतको उच्च दरले बढेको छ। तेस्रो मुलुकतर्फको ब्यापार घाटा आर्थिक वर्ष २०५८/५९ मा ८.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०५९/६० मा ६.३ प्रशितले बृद्धि भएको छ । परिणामस्वरुप, आर्थिक वर्ष २०५८/५९ मा ४३.७ प्रतिशत रहेको निर्यात/आयात अनुपात आर्थिक वर्ष २०५९/६० मा ३९.२ प्रतिशतमा ओर्लेको छ। भारततर्फको निर्यात/आयात अनुपात आर्थिक वर्ष २०५८/५९ को ६३.४ प्रतिशतबाट आर्थिक वर्ष २०५९/६० मा निकै घटेर ४८.० प्रतिशतमा ओर्लेको छ। यद्यपि तेश्रो मुलुकतर्फको यो अनुपात भने आर्थिक वर्ष २०५८/५९ को ३०.० प्रतिशतबाट आर्थिक वर्ष २०५९/६० मा ३२.२ प्रतिशत पुगेको छ।

शोधनान्तर स्थितितर्फ परम्परागत रुपमा प्रकाशित हुँदै आएको तथ्याङ्कलाई आर्थिक वर्ष २०५९/६० को दशौं महिना ( बैशाख) देखि बढी वास्तविक र अन्तर्राष्ट्रिय स्तर अनुरुपको फर्मेट अनुसार प्रकाशित गरिएको छ। परम्परागत फर्मेटमा आयात्लाई सि. आइ. एफ. (c.i.f.) मूल्यमा प्रकाशित गर्दै आइएकोमा नयाँ फर्मेटमा आयातलाई एफ. ओ. वि. (f.o.b.) मूल्यमा प्रकाशित गरिएको छ। यसैगरी विद्युत र हवाई ईन्धनको वाह्य कारोवारलाई पनि आयात निर्यात हिसाबमा सामावेश गरिएको छ। परम्परागत फर्मेटमा विप्रेषणबाट प्राप्त रकममध्ये औपचारिक रुपबाट प्राप्त रकमलाई मात्र समावेश गर्ने गरिएकोमा नयाँ फर्मेटमा अनुमानित विप्रेषण रकमलाई पनि समावेश गरिएको छ। परम्परागत फर्मेटमा उल्लेख हुदै आएको पूँजी खातालाई नयाँ फर्मेटमा पूँजी खाता र वित्तीय खाता गरी छुट्याइएको छ । पूँजी खाता अन्तर्गत वैदेशिक अनुदान र लगानीलाई समावेश गरिएको छ भने वित्तीय खाता अन्तर्गत वैदेशिक ऋण, ब्यापारिक आय (trade credits), वैदेशिक प्रत्यक्ष लगानी र मुद्रा तथा बचतलाई समावेश गरिएको छ।

प्रथम दश महिनाको शोधनान्तर तथ्याङ्क (उपरोक्त परिमार्जित फर्मेट) अनुसार कुल निर्यातमा ह्रास आएको तर कुल आयातमा भने वृद्धि भएको कारण गत वर्ष ११.२ प्रतिशतले संकुचित भएको व्यापार घाटा यस वर्ष ३८.२ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब ४५ करोड पुगेको छ। सेवातर्फ आयमा भएको वृद्धिको तुलनामा भुक्तानीको वृद्धिदर कम रहेकोले सेवा क्षेत्रमा बचत भएको छ। यो बचतबाट व्यापार घाटाको ७.८ प्रतिशत भाग पूरा भएको छ। गत वर्षको तुलनामा यस वर्ष लगानी आय ९.२ प्रतिशतले वृद्धि भएको तथा खर्च ४.३ प्रतिशतले मात्र वढ्न गएको हुँदा वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३२.८ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब ४१ करोड पुगेको छ। गत वर्ष यस्तो घाटा ३.७ प्रतिशतले मात्र वृद्धि भएको थियो। निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण समीक्षा अवधिमा रु. १५ अर्ब ६६ करोडले चालु खाता बचत हुन गएको छ। वित्तीय खातातर्फ समीक्षा अवधिमा प्रत्यक्ष वैदेशिक लगानी तथा खुद सरकारी ऋण आप्रवाहमा ह्रास आएको हुँदा वित्तीय खाता ऋणत्मक रहेको भए तापनि चालु खातामा उच्च बचत रहेको कारण समग्रमा रु. ४ अर्ब ३ करोडको शोधनान्तर बचत रहेको छ। आर्थिक वर्ष २०५८/५९ को यसै अवधिमा रु.१ अर्ब २४ करोड बराबरको शोधनान्तर बचत भएको थियो। आर्थिक वर्षको बिस्तृत शोधनान्तर तथ्यांक उपलब्ध नभए तापनि यस अवधिको मौद्रिक तथ्यांक अनुसार रु.५ अर्ब १५ करोडले शोधनान्तर बचत भएको छ।

२०६० आषाढ मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब १० अर्ब ३९ करोड पुगेको छ जसमध्ये परिवर्त्य संचिति रु.९९ अर्ब १६ करोड रहेको छ। २०५८ आषाढको तुलनामा परिवर्त्य संचिति २३.५ प्रतिशतले बढेको छ भने अपरिवर्त्य संचिति ५६.१ प्रतिशतले घटेको छ । गत बर्ष परिवर्त्य संचिति अघिल्लो वर्षको हाराहारीमा रहेको र अपरिवर्त्य संचिति २.३ प्रतिशतले बढेको थियो । कुल संचितिमा २०६० आषाढमा परिवर्त्य संचितिको अंश ८९.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश १०.२ प्रतिशत छ। २०५९ आषाढमामा यस्तो अंश क्रमशः ७५.८ प्रतिशत र २४.२ प्रतिशत थियो । नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो । समीक्षा वर्षमा भारततर्फ ८०.७ प्रतिशतले व्यापार घाटा बढेकोले अपरिवर्त्य संचिति उल्लेख्य रुपले घट्न गएको हो ।

धितोपत्र बजारमा आर्थिक वर्ष २०५८/५९ को तुलनामा आर्थिक वर्ष २०५९/६० मा संख्यात्मक कारोवारमा वृद्धि भए तापनि रकमगत करोवारमा ह्रास आएको छ। कुल शेयर कारोवार रकम २०५९ आषाढको तुलनामा २०६० आषाढमा २०.१ प्रतिशतले घटेर रु. ६ करोड ४७ लाख रहेको छ । कारोवार भएको शेयर संख्या २०५९ आषाढको तुलनामा २०६० आषाढमा १४.० प्रतिशतले बढेर ३ लाख ४७ हजार पुगेको छ। सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०५९ आषाढको तुलनामा २०६० आषाढमा १.५ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब २४ करोड पुगेको भए तापनि नेप्से परिसूचकाङ्कमा भने अघिल्लो आर्थिक वर्षको तुलनामा २२.६८ विन्दु (१०.० प्रतिशत) ले ह्रास भई २०४.८६ रहेको छ।

***